# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, चैत १५ गते, २०८० साल (संख्या ६४

## भाग ५

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धमा जाँचबुझ गर्न देहाय बमोजिमको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१. <u>आयोगको संरचनाः</u>**

(क) उच्च अदालतका पूर्व न्यायाधीश
श्री तेज बहादुर कार्की -अध्यक्ष

(ख) पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक
श्री पुस्कर कार्की -सदस्य

(ग) चार्टर्ड एकाउन्टेन्ट श्री सञ्जीव मिश्र -सदस्य

**२. <u>आयोगको कार्यदिशः</u>**

(क) अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगले नेपाल सरकारले मिति २०८०/१०/३ मा स्वीकृत गरेको कार्यविधि अनुसार नेपाल प्रहरीमा पठाइएका उजुरी र आयोग गठन भएपछि प्राप्त हुने अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी देहायका नयाँ उजुरी सम्बन्धमा जाँचबुझ गर्नेः-

**(१)** नभएको वा नगरेको रकम लिए दिएको भनी लिखत तयार गरेको,

**(२)** वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गरेको,

**(३)** लेनदेन गर्दाको बखतमा ब्याज रकमसमेत साँवामा जोडी लिखत तयार गरेको,

**(४)** ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गरेको,

**(५)** ऋणीले तिरे बुझाएको रकमको भर्पाई नदिने वा लिखत नबनाउने गरेको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) प्रचलित कानूनमा तोकिएभन्दा बढी ब्याज लिएको,

(७) ऋणको साँवाभन्दा बढी ब्याज लिएको,

(८) ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिएको,हिंसा वा शोषण गरेको,

(९) अनुचित लेनदेन (मिटरब्याज) को आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिएको,

(१०) ऋण लेनदेनको कारोबारमा नलेखिएको (खाली) वा लिएको रकम भन्दा बढी रकम उल्लेख गरी बाध्यकारी चेक काट्न लगाएको र अनावश्यक लिखत खडा गरेको ।

(ख) प्राप्त उजुरी निवेदनका आधारमा सम्बन्धित पक्षलाई उपस्थित गराई लिखतहरू सङ्कलन गर्ने, प्रचलित कानून बमोजिम आवश्यक लिखतहरू झिकाउने र छानबिन गर्ने, पीडितको पक्षमा रहने प्रमाण सङ्कलन गर्न अध्ययन, अनुसन्धान, स्थलगत भ्रमण, सर्जमिन, छलफल र साक्षी किनाराका व्यक्तिसँग बयान लिने ।

(ग) लिखतको वर्गीकरण गरी फर्जी तथा अवैध लिखत खारेजीको विधि र प्रक्रिया सिफारिस गर्ने ।

(घ) जाँचबुझबाट स्वेच्छिक मिलापत्र गराउन सम्भव देखिएका उजुरीलाई मिलापत्र गराई फछ्र्यौट गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अनुचित लेनदेन (मिटरब्याज) गर्ने गरी अस्वाभाविक ऋण लगानी गरेको वा शङ्कास्पद कागजात खडा गरी अस्वाभाविक आम्दानी गरेको देखिएमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा अनुसन्धानका लागि सिफारिस गर्ने।

(च) अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित मुद्दाका कारण जरिबाना ठहर, बिगो कायम र कारागार चलान भएका पीडितका सम्बन्धमा प्रचलित कानून बमोजिम पुनरावलोकन तथा माफी मिनाहाका लागि सिफारिस गर्ने।

(छ) अनुचित लेनदेन (मिटरब्याज) को परिणामबाट भएको सम्पत्तिको हक हस्तान्तरण बदर सम्बन्धी कारबाही गर्नुपर्ने देखिएमा सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

(ज) प्रचलित कानून बमोजिम अनुचित लेनदेन (मिटरब्याज) का सम्बन्धमा पीडकको विरुद्धमा गर्नुपर्ने कारबाहीका सम्बन्धमा सिफारिस गर्ने ।

(झ) अन्यायको सघनता अध्ययन गरी पीडितलाई क्षतिपूर्ति प्रदान तथा पुनर्स्थापनाका लागि आवश्यक आधार र उपाय सिफारिस गर्ने ।

(ञ) मौजुदा कानूनमा संशोधन तथा प्रतिस्थापन गर्नु पर्ने विषयको पहिचान गरी मस्यौदा सहित प्रतिवेदन गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**३. <u>समयावधि र जनशक्तिः</u>**

(क) आयोगले काम प्रारम्भ गरेको मितिले तीन महिना भित्र राय सहितको प्रतिवेदन गृह मन्त्रालयमा पेश गर्ने ।

(ख) आयोगको सचिवालयमा आवश्यक पर्ने ५ जना कर्मचारी (उपसचिव-१ जना, शा.अ.-१ जना, ना.सु. -१ जना, कम्प्युटर अपरेटर-१ जना र का.स.-१ जना) गृह मन्त्रालयले उपलब्ध गराउने।

**४. <u>अध्यक्ष तथा सदस्यको सेवा सुविधा र अन्य व्यवस्थाः</u>**

(क) आयोगका अध्यक्षलाई नेपाल सरकारको राज्यमन्त्री सरहको पारिश्रमिक एवं सो पारिश्रमिकको पच्चीस प्रतिशत भत्ता उपलब्ध गराउने तथा सवारी चालक, इन्धन र सवारी साधन वापत मासिक पचास हजार रुपैयाँ उपलब्ध गराउने ।

(ख) आयोगका सदस्यहरूलाई राजपत्राङ्कित विशिष्ट श्रेणी सरहको पारिश्रमिक एवं सो पारिश्रमिकको पच्चीस प्रतिशत भत्ता उपलब्ध गराउने तथा सवारी चालक, इन्धन र सवारी साधन वापत मासिक पचास हजार रुपैयाँ उपलब्ध गराउने ।

(ग) आयोगको सचिवालयमा काम गर्ने कर्मचारीलाई बहाल रहेको पदको शुरु स्केलको पच्चीस प्रतिशत भत्ता उपलब्ध गराउने ।

(घ) आयोगलाई आवश्यक पर्ने मसलन्द, फर्निचर लगायतका सामग्री गृह मन्त्रालयले व्यवस्थापन गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) आयोग र आयोगको सचिवालयलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई उपलब्ध गराउने ।

**५.** **<u>मुकामः</u>** आयोगको सचिवालय आयोगको परामर्शमा तोकिएको स्थानमा रहनेछ।

**६.** **<u>सम्पर्क मन्त्रालयः</u>** आयोगको सम्पर्क मन्त्रालय गृह मन्त्रालय हुनेछ।

**आज्ञाले,**
**एकनारायण अर्याल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार,



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।